# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

पत्र संख्या :- प्र.शा.- ०७७/०७८
चलानी नं :- १०४८

मिति : २०७७।१०।०८

विषय : राष्ट्रिय सम्मान तथा पुरस्कारका लागि आवेदन माग गरिएको सूचना ।

**श्री वडा कार्यालय सबै**
**लिसंखु पाखर गाउँपालिका ।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७७/०७८ च.नं. २६३ मिति २०७७।०९।२९ को आवेदन माग गरिएको सम्बन्धी पत्रसाथ प्राप्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा प्रकाशित सूचना यसै साथ संलग्न छ । सो सूचना बाट ब्यहोरा अवगत गर्नु भई "वैदेशिक रोजगारीबाट फर्की उद्यम गरेका उद्यमीहरुको लागि राष्ट्रिय पुरस्कार-२०७७" को आवेदनको जानकारीका लागि तहाँ वडामा आवश्यक समन्वयको व्यवस्था मिलाउनु हुन सूचित गरिन्छ ।

.....................
**पूर्ण प्रसाद दुलाल**
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखा : Facebook page / Website मा uplod गरिदिनु हुन ।

संपर्क नं. : ०११६६९१११८ ईमेलः lisankhupakharmun@gmail.com website: www.
lisankhupakharmun.gov.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

## वैदेशिक रोजगारीवाट फर्किएर स्वदेशमा उद्यम गरेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः- २०७७ पुस २८ गते

वैदेशिक रोजगारीमा गई फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामवन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (२०७७।१०।१९गते) भित्र यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन सूचित गरिन्छ ।आवेदनको फारम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट www.moless.gov.np वाट download गर्न सकिनेछ। थप जानकारी लागि www.moless.gov.np हेर्नुहुन वा फोन नं. ०१-४२००४७६ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात<br>( प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने ) |
|---|---|
| १) नेपाली नागरिक,<br>२) श्रमिक भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको हुनुपर्ने,<br>३) विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको हुनुपर्ने । | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) आ.व. ०७६।७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |